# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०२।१४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

तनहुँ जिल्ला स्थित कालिका शहीद शान्ति पार्क निर्माणको लागि आएको रकम हिनामिना भएको, समितिले हालसम्म आन्तरिक लेखापरीक्षण नगरेको र आयव्यय विवरण स्पष्ट सार्वजनिक नगरेको भन्ने ब्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा साविक जिल्ला विकास समितिको कार्यालय तथा हालको जिल्ला समन्वय समितिको कार्यालय तनहुँका प्राविधिक सबइन्जिनियर खगेन्द्र खवास र व्यास नगरपालिकाका प्राविधिक सबइन्जिनियर निर्मल वाग्लेलाई कालिका मन्दिर निर्माण कार्यको सिलसिलामा लागत अनुमान बमोजिमको काम भए नभएको जाँचबुझ गरी नापजाँच गरी कार्य सम्पन्न प्रतिवेदन दिनुपर्ने कर्तब्य हुँदाहुँदै निर्माण कार्यको जाँचबुझ र नापजाँच फिल्डमा भएअनुसारको कार्य नगरी बदनियतपूर्वक नभए/नगरेका काम देखाई कार्य सम्पन्न प्रतिबेदन दिएको पुष्टि हुन आई निजहरू सबइन्जिनियर खगेन्द्र खवास र प्राविधिक सबइन्जिनियर निर्मल वाग्लेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर अपराध गरेको देखिएकोले निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता